जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २४० | २०८० साल बैशाख १४ गते बिहीबार | (27 Apr. 2023 Thursday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : शिक्षा, स्वास्थ्य, समावेशीकरण,... ३ पृष्ठमा : 'सरकारले अन्य विधेयक ल्याउँछ, ... ३ पृष्ठमाभारतमा कोरोनाका बिरामी...

## जसपा अध्यक्ष यादव निर्वाचित



**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव प्रतिनिधिसभा सदस्यमा बारा क्षेत्र नं २ बाट निर्वाचित भएका छन् ।

मंगलबार राती सम्पन्न मतगणनाको परिणाम अनुसार उनी ५ हजार ८१ मतान्तरले निर्वाचित भएका हुन् ।

ल्यस्उनका निकटतम् प्रतिद्वन्द्वी जनमत पार्टीका शिवचन्द्र कुशवाहाले २३ हजार तीन सय ३४ मत ल्याएका थिए भने निर्वाचित भएका यादवले २८ हजार ४ सय १५ मत प्राप्त गरे ।

यस्तै नेकपा (एमाले) का पुरुषोत्तम पौडेलले १० हजार २ सय १६ मत प्राप्त गरे भने राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेलले २ हजार ८ सय २९, आम जनता पार्टीका उम्मेदवार अरुणकुमार ज्ञवालीले २ हजार ७ सय ३८ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीका सोनालाल साहले १ सय १९ मत, नागरिक उन्मुक्ति पार्टीका कमरुल्लाह अन्सारीले १ सय ९ मत तथा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार मुक्ति यादवले ६० मत पाएका थिए ।

बारा क्षेत्र नं २ मा गत आइतबार भएको उपनिर्वाचनमा ६८ हजार ८ सय ८७ जनाले मतदान गरेका थिए । गत वर्ष मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जसपा अध्यक्ष यादव सप्तरी क्षेत्र नं २ मा जनमत पार्टीका अध्यक्ष डा सिके राउतसँग पराजित भएका थिए ।

बारा क्षेत्र नं २ मा जसपाबाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि सो निर्वाचन क्षेत्रमा उपनिर्वाचन भएको हो ।

## यात्रु ओराल्ने क्रममा विंगरबाट लडेर महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

सप्तरीको रुपनी गाउँपालिका १ स्थित पुर्व पश्चिम राजमार्गमा विंगरले यात्रु ओराल्ने क्रममा एक महिला यात्रु लडेर घाइते भएकी छिन् ।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको ना.१ज.८६८२ नं.को विंगरले यात्रु ओराल्ने क्रममा स्थानिय ७० वर्षिया सुगावति देवी चौधरी लडेर घाइते भएको प्रहरीले जनाएको छ ।

उनको दुबै हात र अनुहारमा चोट लागेपछि न्यान्सी अस्पताल जन्डोल महुलीमा उपचारका भर्ना गरिएको छ। प्रहरीले विंगर र चालक खडक नगरपालिका ६ निवासी अरुण कुमार पसवानलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## खुशियालीमा दिप प्रज्जवलन



**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

जनता समाजवादी पार्टीका राष्ट्रिय अधयक्ष उपेन्द्र यादव बारा क्षेत्र नं. २ बाट निर्वाचित भएपछि सप्तरीमा खुशियाली मनाइएको छ ।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा सप्तरी क्षेत्र नं. २ बाट चुनाव लडी पराजित भएका उनी पछिल्लो पटक बाराको क्षेत्र नं. २ बाट उपनिर्वाचनमा निर्वाचित भएपछि उनका समर्थकले बुधबार राजविराजमा दिप प्रज्जवलन गरि खुशियाली मनाएका हुन् ।

जसपा जिल्ला समन्वय समितिको आयोजनामा बिजयी जुलुस तथा स्थानिय गजेन्द्र चौकमा दिप प्रज्जवलन गरिएको छ । दिप प्रज्ववलनमा जसपा नेता एवं राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, मधेश प्रदेशका पूर्वउपसभामुख उपमा देव, महिला नेतृ एवं प्रदेशसभा सदस्य किरण कुमारी साह, जिल्ला अध्यक्ष केदार यादव, युवा नेता किशोर यादव, महिला नेतृ रमिलादेवी साह लगायत उल्लेख्य संख्यामा जसपाका नेता कार्यकर्ता सहभागि भए ।

## पोखरी घाट निर्माणका लागि प्रदेश सभासदस्यद्वारा शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

प्रदेश सभा सदस्य किरण कुमारी साहले राजविराज ७ स्थित भगवती मन्दिर पोखरीको घाट निर्माणका लागि बुधबार शिलान्यास गरेकी छिन् ।

आफ्नो संसदीय विकास कोषबाट बजेट लगाई उक्त पोखरीमा छठ पुजाका लागी घाट निर्माण कार्यको बुधवार प्रदेश सभासदस्य साहले शिलान्यास गरेकी हुन ।

सांसद साहले यस पटक उपलब्ध बजेट अनुसार भगवती मन्दिर पोखरी छठीघाट निर्माण कार्यको थालनी गरेर अगामी आर्थिक वर्षहरुमा उपलब्ध हुने थपबजेट समेतलाई क्रमशः पोखरीको चारै तीर घाट निर्माणको कार्य सम्पन्न गराउने प्रतिबद्धता जनाएकी छिन् ।

धार्मिक एवं साँस्कृतिकस्थल समेत रहेको तथा विभिन्न मन्दिरहरुको निकट अवस्थित उक्त धार्मिक महत्वको पोखरीमा आवश्यक सरसफाई, जिर्णोधार, पुजाघाट लगायतको अभावले गर्दा छठ पर्व लगायत विभिन्न धार्मिक कार्यक्रमको अवसरमा पुजा विधी गर्न भक्तजनहरुलाई समस्या हुदै आएको थियो ।

प्रदेश सभा सदस्य साहले आफ्नो संसदीय विकास कोषबाटै राजविराज नगरपालिकाको वडा नं ४ मा केही दिन भित्रै सेफ हाउसको निर्माण कार्य समेत शूरु गरिने जानकारी दिएकी छिन ।

उक्त अवसरमा वडा नं. ७ का अध्यक्ष सुभाषचन्द्र यादव, ३ का अध्यक्ष अनिल दास, जसपाका युवा नेता शैलेन्द्र यादव, संतोष कुमार साह लगायत स्थानीय भरभलादमीको उपस्थिती रहेको थियो ।

## आगलागिमा चार गाईगोठ जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

सप्तरीको तिरहुत गाउँपालिका र सुरुङ्गा नगरपालिकामा बुधबार आगलागि हुँदा चार गाईगोठ जलेर नष्ट भएको छ ।

जिल्लाको तिरहुत गाउँपालिका ५ मेहता टोल बस्ने जुगेश्वर यादबको गाईगोठमा बालिएको घुरबाट फैलिएको आगोले घर नजिक रहेको परालको टालमा आगलगि भएको छ ।

सो आगलागिमा काठ, घरमा राखेको दाउरा, जस्ताको छानो र पराल जलेर नष्ट हुँदा १० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै बुधबारै जिल्लाको सुरुङ्गा नगरपालिका ९ टिकुलिया बस्ने चार जनाको गाईगोठमा आगलागि भएको छ ।

उक्त आगलागिमा मो. मन्जुर, मो. जाउल, मो. सहदाफ र मो. दरगैईको गाईगोठ र परालमा आगलागि हुँदा ४५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

दुबै स्थानको आगो प्रहरी र स्थानियवासीको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## कोरोना संक्रमणबाट एकको निधन

काठमाडौँ, १३ वैशाख (रासस) ।

कोरोना भाइरसको संक्रमणबाट बुधबार एक जनाको निधन भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार एक जना संक्रमितको उपचारको क्रममा निधन भएको हो ।

यसैगरी बुधबार १ हजार ६ सय ३४ जनामा गरिएको परीक्षणमा ८२ जनामा सङ्क्रमण देखिएको छ । सक्रिय सङ्क्रमितको संख्या तीन सय ६१ पुगेको छ । उपचारपछि बुधबार ६५ जना घर फर्किएका छन् ।

यस्तै काठमाडौँमा उपत्यकामा २९ जना आइसोलेसन, पाँच जना सघन उपचार कक्ष (आइसियु) र एक जना भेन्टिलेटरमा उपचाररत रहेका छन् । मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गइरहेकाले खोप लगाउन आग्रह गरेको छ ।

नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखा परेका छ । शून्यमा झरेको सङ्क्रमण नेपाल भारत खुला सिमानाका कारण फैलिएको हो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## सम्पादकीय ....

### बसपार्क अझै संचालनमा आएन

नयाँ वर्षको सुरुवात सँगै राजविराज बस पार्क संचालनमा आउने प्रतिबद्धता कागजमै सीमित भएको छ । राजविराजवासीको वर्षौदेखीको बसपार्क संचालनको चाहना नयाँ वर्षको सुरुवातसँगै सिथिल भएको छ । गत महिना मात्र स्थानिय प्रशासनको रोहबरमा बस पार्क २०८० को सुरुवातसँगै संचालन गर्ने प्रतिबद्धता जनाइएको थियो । तर नयाँ वर्ष बितेको एक साता भन्दा बढी भइसक्दा पनि संचालनको कुनै प्रक्रिया थालिएको छैन् । यसअघि कुनै न कुनै बहानामा बसपार्क निर्माणमा ढिलाई भइरहेको थियो । कहिले जग्गा विवाद त कहिले ठेकेदारको लापरवाही त कहिले डिपिआर अनुसार काम नभएको भन्दै बसपार्क निर्माणमा ढिलाई भइरहेको हो ।

बसपार्क संचालनकाका लागि दबाब दिने उद्देश्यले विभिन्न  संघर्ष समिति समेत बनेको थियो । यस्तै बसपार्क भित्र अतिक्रम हुन लागेको जग्गाको संरक्षण गर्नुको साथै बसपार्कको वरिपरी घेरबेर गर्नुपर्ने माँग समेत गऱ्यो संघर्ष समितिले । तर, त्यो पनि हरायो । यसरी बसपार्क निर्माणका क्रममा आइरहेको बाधा अड्चनलाई हटाउन नगरपालिकाले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । तर, यस्तो भइरहेको छैन् । बसहरु नगरको विभिन्न सडकहरुमा जथाभावी रुपमा पार्किङ भइरहेका छन् । जसले कुनै बेला पनि दुर्घटना निम्त्याउनुका साथै नगरलाई अव्यस्थित गरिरहेको छ ।

तसर्थ बसपार्कलाई जतिसक्दो चाडो संचालनमा ल्याउन सबै सरोकारवाला निकायका साथै स्थानियहरुले पनि दबाब दिनु आवश्यक छ । जसले गर्दा नगर व्यवस्थित हुनुका साथै जथाभावी पार्किङका कारण आउने समस्या समेत समाधान हुने कुरामा दुई मत नहोला ।

# शिक्षा, स्वास्थ्य, समावेशीकरण, वातावरण संरक्षण र सामाजिक सुरक्षाको क्षेत्रमा महत्वपूर्ण उपलब्धि : प्रधानमन्त्री

काठमाडौँ, १३ वैशाख (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विकासका सूचकाङ्कमध्ये खासगरी शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण, वातावरण संरक्षण र सामाजिक सुरक्षाको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभएको छ ।

'कान्तिपुर इकोनोमिक समिट-२०२३' लाई बुधबार सम्बोधन गर्नुहुँदै उहाँले केही क्षेत्रमा गुणात्मक परिवर्तन भए पनि उत्पादन र उत्पादकत्व वृद्धि, औद्योगिकीकरण र रोजगारी सिर्जनाका क्षेत्रमा चुनौतीको सामना गर्नु परिरहेको बताउनुभयो ।

"आन्तरिक उत्पादन न्यून भएकाले ठूलो मात्रामा वस्तु आयातका कारण व्यापारघाटा चुनौतीकै रूपमा रहेको छ । अर्कोतर्फ मुलुकभित्रै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवा पलायन बढ्दो छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

प्रधानमन्त्रीले पूँजीगत खर्च बढ्न नसकेको र महत्वपूर्ण आयोजनाको कार्यान्वयन सुस्त रहेका बारे हालै मेरो अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक बसी पहिचान गरिएका समस्याको उचित समाधानका लागि महत्वपूर्ण निर्णय गरिएको जानकारी दिनुभयो ।

"मेरै अध्यक्षतामा बसेको दिगो विकास उच्चस्तरीय निर्देशक समितिको बैठकले दिगो विकासका लक्ष्य हासिल गर्ने नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नेबारे महत्वपूर्ण निर्णयहरू लिएको छ", प्रधानमन्त्रीले भन्नुभयो, "विगतका अनुभवबाट सिक्दै राष्ट्रिय उत्पादन र रोजगारीलाई केन्द्रमा राख्ने गरी नीति, योजना र कार्यक्रम ल्याउन सरकारले आवश्यक गृहकार्य गरिरहेको छ ।"

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवादउन्मुख अर्थतन्त्रको विकास गर्नु हाम्रो राष्ट्रिय कार्यभार भएको प्रधानमन्त्रीको भनाइ छ ।प्रधानमन्त्री दाहालले भन्नुभयो, "सन् २०२६ सम्म विकासशील मुलुकमा फड्को मार्न र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न हाम्रो नीति र कार्यान्वयन दुवै पक्षमा गुणात्मक सुधार जरुरी छ ।"

कोभिड महामारी, रूस-युक्रेन युद्ध, विश्व अर्थतन्त्रमा आएको शिथिलता जस्ता बाह्य र आन्तरिक संरचनागत समस्याका कारण अर्थतन्त्रले चुनौतीको सामना गरिरहेको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको सरकार गठन भएलगत्तै बसेको मन्त्रिपरिषद्को पहिलो बैठकबाट नै अर्थतन्त्रमा सुधार ल्याउन केही महत्वपूर्ण निर्णयहरू लिइएको स्मरण गर्नुभयो ।

सरकारको निरन्तरको प्रयास, निजी क्षेत्रसँगको अन्तरक्रिया एवं समस्या समाधानका निम्ति गरिएको साझा प्रयास, प्रशासन संयन्त्रमा सुधारको प्रयास लगायतले समष्टिगत आर्थिक परिसूचकहरूमा महत्वपूर्ण सुधार आएको उहाँको भनाइ छ ।

विदेशी मुद्राको सञ्चिति गुणात्मक रूपले बढ्नु, पर्यटक आगमन, विप्रेषणमा वृद्धि हुनु, राजस्व सङ्कलनमा सुधार हुनु, निजी क्षेत्रमा आशाको रक्तसञ्चार पैदा भएको प्रधानमन्त्री दाहालको कथन छ ।

उच्च व्यापार घाटा र अपेक्षा गरिएभन्दा न्यून वैदेशिक सहयोग तथा लगानीको कारण विप्रेषण आप्रवाहमा सुधार भए पनि समग्र शोधनान्तर स्थितिमा अपेक्षित सुधार नभएको भए पनि त्यस्तो घाटालाई सम्बोधन गर्न चालिएका कदमबाट पछिल्लो समय शोधनान्तर बचतमा रहेको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यसलाई दिगो रूपमा समाधान गर्न आन्तरिक उत्पादन वृद्धि अपरिहार्य छ । तसर्थ आन्तरिक उत्पादन वृद्धि गर्न अल्पकालीन र मध्यकालीन कदम चाल्नै पर्दछ । यस वर्षको नीति, कार्यक्रम र बजेट विगतभन्दा नयाँ, फरक र गुणात्मक हुनेगरी तयारी हुँदैछ, यसले उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनाका क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने हाम्रो विश्वास छ ।"

प्रधानमन्त्रीले अर्थतन्त्रलाई चलायमान बनाउन र उद्योग-व्यवसायलाई सङ्कटबाट जोगाउन रोकिएको घरजग्गा कारोबारलाई सञ्चालन गर्ने निर्णय भइसकेको उल्लेख गर्नुभयो । सरकारको यस खालको प्रयासले अर्थतन्त्र सुधारका क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने विश्वास लिइएको उहाँको तर्क छ ।

उहाँले भन्नुभयो, "बैंकको ब्याजदरमा घटाउन आवश्यक पहल अगाडि बढिरहेको छ । पछिल्लो समय शोधनान्तर सकारात्मक भएसँगै तरलता र ब्याजदरमा पनि क्रमिक सुधार हुँदैछ । थप सुधारका लागि तत्काल केही महत्वपूर्ण कदम चालिँदैछ ।"

सहकारी र लघुवित्त क्षेत्रमा देखिएको विश्वासको सङ्कट निवारण गर्न, सहकारीलाई उत्पादन र श्रम क्षेत्रमा केन्द्रित गर्न, बचतकर्ताको निक्षेप सुरक्षित गर्न एवं पीडितहरूले न्याय पाउने व्यवस्थाका निम्ति एक उच्चस्तरीय अध्ययन कार्यदल निर्माण गर्न लागिएको प्रधानमन्त्रीको भनाइ छ ।

लघुवित्त क्षेत्रमा नियामकीय सुधारको आवश्यकता महसुस हुन आएकाले नेपाल राष्ट्र बैंकले आगामी दिनमा आवश्यक कदम चाल्न र त्यसमा सरकारको पूर्ण साथ र सहयोग रहने प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो ।

संविधानले समाजवादउन्मुख आर्थिक प्रणालीको निर्माण गर्ने सङ्कल्प गरेता पनि हाम्रा हालसम्मका नीति तथा कार्यक्रमहरू त्यसतर्फ लक्षित हुन नसकेको प्रधानमन्त्रीको स्वीकारोक्ति छ ।

प्रधानमन्त्री दाहालले मिडियालाई राष्ट्रिय सेवामूलक उद्योगसरह मान्यता, सबै प्रकारका सरकारी विज्ञापनलाई विज्ञापन बोर्डमार्फत समानुपातिक ढङ्गले वितरणको व्यवस्था, पत्रकार र सबै प्रकारका सञ्चारमाध्यमको पेसागत तथा भौतिक सुरक्षाको प्रत्याभूति गराउन लागिपरेको जानकारी दिनुभयो ।

उहाँले ज्येष्ठ पत्रकार, अपाङ्ता भएका पत्रकारहरूका लागि जीवन निर्वाह भत्ताको व्यवस्था, मिडिया उद्योगलाई रोयल्टी र कर जस्ता दोहोरो कर प्रणालीको समस्याबाट मुक्त गरी यसमा लाग्दै आएको जरिवाना छुटको व्यवस्था, सञ्चार उद्योगको संस्थागत विकासका लागि एकीकृत मिडिया विकास कोष स्थापना जस्ता कार्यका लागि पहल गरिएको बताउनभयो ।

उहाँले पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गर्ने गरी सञ्चारसम्बन्धी कानुन बनाइँदैछ भन्नुभयो । यसमा सरोकार पक्षकै सहभागितामा कानुनको मस्यौदा बनाउन निर्देशन दिएको बताउनुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "सरकारले कानुनको मस्यौदा बनाउँदा मुलुकको पत्रकारिता क्षेत्रलाई थप बलियो बनाउने, पत्रकारिताको संस्थागत विकास गर्ने तथा प्रेस स्वतन्त्रता र पत्रकारको हित र मर्यादालाई ध्यान दिइनेमा विश्वस्त रहन आग्रह गर्दछु ।"


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


# बिरामी बडापत्र अस्पतालको अग्रभागमा राख्न निर्देशन

काठमाडौँ, १३ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ पालना गर्न सबै स्वास्थ्य सेवा प्रदायक निकायलाई निर्देशन गरेको छ । सो मापदण्डमा स्वास्थ्य संस्थाले विपन्न, असहाय र बेवारिसे बिरामीका लागि निःशुल्क उपचार सेवा उपलब्ध गराउनुपर्ने उल्लेख छ ।

बुधबार मन्त्रालय अन्तर्गतको गुणस्तरमापन तथा मापदण्ड नियमन महाशाखाले सबै सरकारी, निजी, सामुदायिक, प्रतिष्ठान तथा मेडिकल कलेजलाई पत्राचार सो निर्देशन गरेको हो ।

मन्त्रालयका उपसचिव एकदेव खनालद्वारा बुधबार यहाँ जारी परिपत्रमा अनुगमनका क्रममा मापदण्डअनुसार विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कूल शय्याको दश प्रतिशत निःशुल्क उपचार सेवा उपलब्ध नभएको पाइएको उल्लेख छ । परिपत्रमा बिरामीले संस्थाबाट सेवा प्राप्त गर्दा लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको बिरामी बडापत्र अस्पतालको अग्रभागमा राख्न निर्देशन दिइएको छ । अनुगमनका क्रममा स्वास्थ्य संस्थाहरूले सवारी साधन पार्किङको शुल्क उठाएको पाइएको जनाउँदै पार्किङ शुल्क नउठाउन निर्देशन दिएको हो । परिपत्रले जनशक्तिलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउन समेत निर्देशन दिएको छ ।

# ‘सरकारले अन्य विधेयक ल्याउँछ, नागरिकता विधेयक किन ल्याउँदैन ?’

काठमाडौँ, १३ वैशाख (रासस) ।
प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुले नागरिकता विधेयक किन नल्याएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा सांसद रञ्जुकुमारी झाले भन्नुभयो, “सरकारले अन्य विधेयक ल्याउँदै गर्दा नागरिकता विधेयक किन ल्याउँदैन ?”

सांसद भगवती चौधरीले नागरिकतासम्बन्धी विधेयकलाई जतिसक्दो चाँडो ल्याउनुपर्ने माग गर्नुभयो । सांसद लक्ष्मी तिवारीले भन्नुभयो, “म बाँके जिल्लाबाट प्रतिनिधित्व गर्छु, त्यहाँ नागरिकताको समस्या छ, नागरिकता नहुँदा युवाले रोजगार पाउन सकेका छैनन्, यो नागरिकताको समस्या चाँडो समाधान होस् ।”

सांसद योगेश भट्टराईले ताप्लेजुङ जिल्लासँग जोडिएको तिब्बत नाका कोभिड-१९ पछि बन्द हुँदा स्थानीयवासीको जनजीवन अत्यन्त कष्टकर भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद विमला सुवेदीले विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पले क्षतिग्रस्त बनाएको नुवाकोट जिल्लाको प्राचीन, ऐतिहासिक एवं सांस्कृतिक सम्पदा नुवाकोट साततले दरबार, सेतोपाटी र तलेजु भवानी मन्दिर पुनःनिर्माण गर्ने जिम्मा लिएको चिनियाँ कम्पनीले ठेक्का पाएको वर्षौं बितिसक्दा पनि अहिलेसम्म काम सुरु हुन नसकेको भन्दै जतिसक्दो चाँडो सुरु गर्न आग्रह गर्नुभयो ।

सांसद भानुभक्त जोशीले हुम्ला, जुम्ला र बाजुरालगायत पिछडिएको क्षेत्रलाई आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने माग गर्नुभयो । सांसद मनिष झाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको एक सय ४६ दिन हुँदा पनि सही ढङ्गबाट सदुपयोग हुन नसकेको भन्दै हवाई सुरक्षाबारे गम्भीर हुन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद महेन्द्रबहादुर शाहीले गत साउनमा भएको अविरल वर्षाका कारण कालीकोट जिल्लाको खानेपानी, सिँचाइ, सडक र बस्तीमा समस्या भए पनि अहिलेसम्म सरकारले निर्माण गर्न नसकेको भन्दै गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “गत साउनको पहिराका कारण कालीकोट जिल्लामा धेरै क्षति भएको छ, सरकारले क्षतिग्रस्त क्षेत्र घोषणा गरेको छ, तर हालको दिनसम्म पनि खानेपानीको मुहान नबनाएर जनताले पानी खान पाएका छैनन्, तुरुन्तै सरकारको ध्यान जाओस् र यथाशक्य समस्या समाधान होस् ।”

सांसद मानवीर राईले सोलुखुम्बु जिल्लाको दूधकोसी नदीको दिब्लीघाटको पुल निर्माणमा भएको सुस्तताप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद मेनका कुमारी पोखरेलले नयाँ सरकार बनेको चार महिना बितिसक्दा पनि जनताले राहत महसुस गर्न नपाएको भन्दै देशमा बलात्कार, भ्रष्टाचार, महँगीको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । सांसद मैना कार्कीले जाजरकोटमा गुणस्तरीय सडक निर्माणको माग गर्नुभयो ।

सांसद रघुजी पन्तले काठमाडौँभित्रका खाल्टाखुल्टी सडक निर्माणका लागि सरकारलाई आग्रह गर्नुभयो । सांसद रणकुमारी बलमपाकीले सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-२ मा आगलागीमा परेका परिवारलाई राहतको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद रणेन्द्र बरालीले चितवन जिल्लामा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट रङ्शाला निर्माणको काम जतिसक्दो चाँडो थालनी गर्न आग्रह गर्नुभयो । सांसदहरू राजकिशोर यादव, माधव सापकोटा, महेशकुमार बर्तौला, राजेन्द्रकुमार केसी, राजेन्द्र बजगाईं, रामकृष्ण यादव, रामकुमार राई, रेखा यादव, रोशन कार्की, लालवीर चौधरी, लेखनाथ दाहाल, रामनाथ अधिकारी र रामहरि खतिवडाले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

# अर्थतन्त्र सुधार्नेबारे जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस

काठमाडौँ, १३ वैशाख (रासस) ।
बिग्रँदो अवस्थामा रहेको अर्थतन्त्रको सुधारका लागि भन्दै राष्ट्रियसभाको बुधबारको बैठकमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस गरिएको छ ।

‘सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने’ विषयको सार्वजनिक महत्वको प्रस्ताव पेस गरिएको हो । सांसद मदनकुमारी शाह (गरिमा) प्रस्तावक रहनुभएको यो प्रस्तावमा सांसद अनिता देवकोटा, खिमलाल देवकोटा, जयन्तीदेवी राई, जीतेन्द्रनारायण देव, तुलप्रसाद विश्वकर्मा, दिलकुमारी रावल थापा (पार्वती), प्रमिला कुमारी, डा बिमला राई पौड्याल, शेखरकुमार सिंह र सुरेशकुमार आले मगर समर्थक रहनुभएको छ ।

राष्ट्रियसभामा उक्त प्रस्ताव पेस गर्दै सांसद शाहले राजनीतिक शासन व्यवस्था फेरिए पनि मुलुकको अर्थतन्त्र र विकासको अवस्था नफेरिएको बताउनुभयो । अब सबैको लक्ष्य र उद्देश्य समाजवाद उन्मुख अर्थतन्त्र निर्माण हुनुपर्ने उहाँको भनाइ छ । “मुलुकको अर्थतन्त्र ओरालोमा छ, यसैकारण मुलुक कतै असफल हुने त होइन भन्ने चिन्ता छ, पर्याप्त लगानी आएको छैन, नीतिगत भ्रष्टाचार रोकिएको छैन, पारदर्शीता छैन”, उहाँले भन्नुभयो, “राजनीतिक परिवर्तन भए पनि हामीले आर्थिक परिवर्तन गर्न सकेनौं, मुलुकको खराब अर्थतन्त्रका कारण आम मानिसको जनजीवन नराम्रोसँग प्रभावित भइरहेको छ ।”

आर्थिक गतिविधिमा सुस्तता देखिँदा र सूचकहरू बिग्रँदा त्यसले नागरिकमा सरकारप्रति वितृष्णा जगाएको पनि उहाँले बताउनुभयो । “बढ्दो महँगी, बैंक तथा वित्तीय संस्थाको कर्जा तिर्न नसक्ने अवस्था, चर्को ब्याजदरलगायतका कारण नागरिकमा निराशा र राजनीतिप्रति वितृष्णा देखिन थालेको छ, यसलाई समाधान गर्नु सरकारको पहिलो कर्तव्य हो”, सांसद शाहले भन्नुभयो ।

उक्त प्रस्तावको समर्थनमा सांसद अनिता देवकोटाले राजनीतिक व्यवस्था परिवर्तन भए पनि लामो समयदेखि नागरिकको अवस्था परिवर्तन हुन नसकेकाले सरकारले अब तत्काल सुधारको प्रयास थाल्नुपर्ने बताउनुभयो । “नागरिकको जनजीवन झन् खराब हुँदै गएको छ, अहिले आगामी आर्थिक वर्षको बजेटबारे पनि तयारी भइरहेकाले सरकारले अर्थतन्त्र सुधारका लागि तत्कालै प्रयास थाल्नुपर्छ”, उहाँले भन्नुभयो ।

सांसद खिमलाल देवकोटाले अर्थतन्त्रमा संरचनागत समस्या रहेकाले त्यसलाई जरैबाट समाधान गरिनुपर्ने बताउनुभयो । “आयातमा आधारित राजस्व र उपभोगमा आधारित रेमिटचान्सलाई अहिलेसम्म कुनै पनि सरकारले चिर्न सकेनन्, गम्भीरतापूर्वक प्रयास नै भएन”, उहाँले भन्नुभयो, “व्यापार घाटा हरेक वर्ष कहालीलाग्दो तरिकाले बढिरहेको छ, बिहान उठेदेखि बेलुका सुतेसम्म र जन्मेदेखि मृत्युसम्ममा प्रयोग हुने हरेक सामान आयात भइरहेका छन् ।” कुल गार्हस्थ्य उत्पादन ( जिडिपी) को तुलनामा व्यापार घाटाको अनुपात बढ्दै गएको उहाँको भनाइ छ ।

उक्त प्रस्तावमाथि छलफल गर्ने क्रममा सांसदहरूले यो विषयलाई सत्तापक्ष र प्रतिपक्षका रूपमा नभइ सबैको साझा सरोकारको विषय हुनुपर्नेमा समेत जोड दिनुभएको छ । सार्वजनिक महत्वको प्रस्ताव पेस हुँदै गर्दा र छलफलका क्रममा अर्थमन्त्री उपस्थित हुनुपर्ने भन्दै सांसदहरूले विरोध जनाउनुभएको थियो । प्रमुख प्रतिपक्ष दलका सांसदले उभिएर उक्त प्रस्तावको छलफलमाथि भाग नलिने भन्दै विरोध जनाउनुभएको हो । त्यसकारण १४ मिनेटका लागि बैठक नै स्थगित भएको थियो । अर्थमन्त्री राष्ट्रिय सभामा उपस्थित हुनु भएपछि छलफल अघि बढेको हो ।

# सांसदको संख्या घटाउन माग

काठमाडौँ, १३ वैशाख (रासस) ।
राष्ट्रियसभाको बुधबारको बैठकमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको सङ्ख्या परिमार्जन गर्न माग गरिएको छ । बैठकको शून्य समयमा सांसद खिमलाल देवकोटाले शासन व्यवस्था तथा पार्टी नेतृत्व तहमा सुधारको आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो “प्रधानमन्त्रीको कार्यकाल दुईपटक, सासंद वा मन्त्री तीनपटक र पार्टी/दलको नेतृत्व दुई कार्यकालभन्दा बढी नहुने व्यवस्था गरौँ । समानुपातिक समावेशी सहभागितालाई प्रत्यक्ष निर्वाचन प्रणालीमै समावेश गरी समानुपातिक निर्वाचन प्रणाली खारेज गरौँ ।” उहाँले प्रतिनिधिसभामा सदस्य सङ्ख्या दुई सय ७५ बाट घटाएर एक सय ६५ र प्रदेशसभाको सङ्ख्या पाँच सय ५० बाट घटाएर तीन सय ३० मात्रै कायम गर्न सुझाव दिनुभयो ।

विभिन्न आयोग तथा सरकारी कार्यालयमा हुने नियुक्ति प्रक्रिया नियमसङ्गत नरहेको पनि उहाँको भनाइ छ । “अदालत, सवैधानिक निकाय, विश्वविद्यालयलगायतका निकायहरूमा दलीय भागवन्डाका आधारमा गरिने नियुक्ति र सार्वजनिक संस्थानहरूमा पार्टी सदस्य भर्ना गर्नेकाम बन्द गरौँ”, उहाँले भन्नुभयो ।

नागरिकका समस्या र गुनासा तत्कालै सम्बोधन गर्न सरकारले संयन्त्र बनाउनुपर्ने उहाँको सुझाव छ ।

# बालगृह सञ्चालनका लागि अनुमति लिन आग्रह

काठमाडौँ, १३ वैशाख (रासस) ।
राष्ट्रिय बालअधिकार परिषद्ले बाल गृह सञ्चालनका लागि अनुमति लिन आग्रह गरेको छ । परिषद्ले सम्बन्धित संस्थालाई निवेदन पेस गर्न सूचना प्रकाशन गरेको छ । परिषद्ले बुधबार सूचना प्रकाशित गरी आगामी जेठ ४ गतेभित्र निवेदन पेस गर्न देशभर सञ्चालनमा रहेका बालगृह वा संस्थाका लागि सूचना प्रकाशन गरेको हो ।

आवश्यक मापदण्ड पूरा गरेका बालगृहलाई सञ्चालन गर्ने अनुमति दिने व्यवस्था रहेको छ । परिषद्ले यसअघि अघिल्लो वर्ष पुस २१ गतेको सूचनामार्फत सूचित गरे पनि अझैसम्म सबै बालगृहबाट निवेदन प्राप्त हुन नसकेको हुँदा पुनः सूचना प्रकाशन गरेको हो ।

परिषद्बाट प्रकाशित सूचनामा अनुमति नलिइ बालगृह सञ्चालन गरेको पाइएमा त्यस्ता बालगृहलाई कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाइने जनाइएको छ । परिषद्ले सम्बन्धित स्थानीय तह तथा बालबालिकाका विषय हेर्ने प्रदेश मन्त्रालयलाई आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका बालगृहलाई उक्त जानकारी गराउन अनुरोध गरेको छ ।

## विश्व समाचार

### भारतमा कोरोनाका बिरामी बढे

नयाँदिल्ली, १३ वैशाख (रासस/पिटिआई) ।
भारतमा विगत दुई दिनदेखि कोरोनाका बिरामी बढेका छन् । मङ्गबारको तुलनामा बुधबार करिब ४० प्रतिशतले बिरामी बढेका केन्द्रीय परिवारस्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार बुधबार नौ हजार छ सय २९ जनामा सङ्क्रमण पुष्टि भएको तथा २९ जनाले ज्यान गुमाएका छन् । मङ्गलबार छ हजार नौ सय ३४ जना सङ्क्रमित थपिएका थिएभने सोमबार छ हजार तीन सय जना बिरामी फेला परेका थिए । हाल भारतमा ६१ हजार १३ जना सक्रिय सङ्क्रमित छन्भने चार करोड ४३ लाख २३ हजार ४५ जनाले कोभिड-१९बाट पूर्ण स्वास्थ्यलाभ गरेका उक्त मन्त्रालयले जनाएको छ ।

### विश्वभर विद्युतीय सवारी साधनको माग बढ्दो

पेरिस, १३ वैशाख (रासस/एएफपी) ।
विश्वभर विद्युतीय सवारी साधनको माग बढ्दै गएको छ भने यस्ता साधनको बिक्री पनि बढिरहेको छ । बुधबार यहाँ जारी गरिएको एक प्रतिवेदनअनुसार यो वर्ष बिक्री हुने पाँच वटा सवारी साधनमध्ये एउटा विद्युतीय वाहन हुने अपेक्षा गरिएको छ ।

अन्तरराष्ट्रिय ऊर्जा एजेन्सी (आइईए) सडक यातायातका साधनमा विद्युतीय सवारीप्रति आकर्षण एवम् माग बढेकाले ऊर्जा उद्योगमा त्यसले ठूलो प्रभाव पार्नेछ भने चालु दशकको अन्त्यसम्ममा दैनिक ५० लाख ब्यारेल इन्धनको खपत अन्त्य गर्नेछ । हाल विश्वमा दश करोड ब्यारेल इन्धन दैनिकरूपमा खपत भइरहेको छ ।

विश्वव्यापी ऊर्जा अर्थतन्त्रमा विद्युतीय सवारी साधनको द्रुतरूपमा भइरहेको उत्पादनले बढोत्तर भएको आइईएका कार्यकारी निर्देशकले बताएका छन् । विद्युतीय सवारी साधनसम्बन्धी वार्षिक प्रतिवेदनमा यो वर्ष त्यस्ता सवारी साधनको बिक्री ३५ प्रतिशतले बढेर एक करोड चालिस लाख पुग्ने अपेक्षा गरिएको छ । यो सन् २०२० को विद्युतीय सवारी साधनको चार प्रतिशतको बजार हिस्साको तुलनामा १८ प्रतिशतले बढी हो ।

प्रतिवेदनअनुसार चीन, अमेरिका र युरोपेली देशका बजारमा बिजुली गाडीको माग अधिक छ । गत वर्ष यस्ता गाडीको ६० प्रतिशत बजार चीनले ओगटेको थियो । बिजुली गाडी खरिदमा अमेरिकाले सहुलियत प्रदान गर्ने नीति अवलम्बन गरेसँगै अमेरिकी उपभोक्ता पनि त्यसतर्फ आकर्षित भएकाले आगामी वर्षमा विद्युतीय सवारी साधनको बिक्री बढ्ने अपेक्षा गरिएको छ । सन् २०३० सम्ममा युरोपेली मुलुक, अमेरिका र चीनले ६० प्रतिशत विद्युतीय सवारी साधनको हिस्सा ओगट्ने प्रक्षेपण गरिएको छ ।

### एककिलो गाँजा बोक्दा मृत्युदण्ड

सिङ्गापुर, १३ वैशाख (रासस/एएफपी) ।
सिङ्गापुरले गाँजा तस्करीमा दोषी ठहरिएका आफ्नै देशका ४६ वर्षीय नागरिक टङ्गाराजु सुपियाहलाई मृत्युदण्ड दिएको छ ।

सुपियाहका परिवार, मानवअधिकारवादी कार्यकर्ता र राष्ट्रसङ्घीय मानवाधिकार उच्चायुक्तको कार्यालयबाट भएको क्षमायाचनाको अनुरोधलाई वेवास्ता गर्दै बुधबार बिहान उनलाई झुन्डाइएको हो ।

सिङ्गापुर कारागार सेवाका एक जना प्रवक्ताले मृत्युदण्ड दिइएको पुष्टि गरेका छन् । सन् २०१७ मा एक किलो गाँजा बोकेका उनीमाथि तस्करीको षड्यन्त्र गरेको अभियोग लगाइएको थियो । मानवअधिकारवादीले पर्याप्त प्रमाण बिना नै उनलाई दोषी ठहऱ्याइएको तथा अभियोजनको क्रममा सीमित कानुनी पहुँच प्रदान गरिएको दाबी गरेका छन् ।

सिङ्गापुरका अधिकारीहरूले भने उक्त दाबीलाई निराधार भन्दै मुद्दाको निष्पक्ष सुनुवाई भएको बताएका छन् ।

लागू पदार्थविरुद्ध विश्वको सबैभन्दा कठोर कानुन भएको देश सिङ्गापुरमा गत वर्ष ११ जनालाई मृत्युदण्ड दिइएको थियो । तीमध्ये तीन चम्चा हेरोइन तस्करी गरेको आरोपमा दोषी मानिएका बौद्धिकरूपमा अक्षम एक जनालाई पनि फाँसी दिइएको थियो ।

विश्वका विकसित देशमा गाँजामाथिको प्रतिबन्ध खुलिरहेका बेला सिङ्गापुर भने लचिलो भएको छैन । छिमेकी मलेसियाले मृत्युदण्डमा संशोधन गरेको छ भने थाइल्याण्डमा गाँजाको कारोबारलाई वैधानिक मानिन्छ । अमेरिकाका केही राज्यमा पनि गाँजालाई औषधीय प्रयोजनका निम्ति खुला गरिएको छ ।

### सजाय रोक्न माग गर्दै राहुल गान्धी उच्च अदालतमा

अहमदावाद, १३ वैशाख (रासस/पिटिआई) ।
काङ्ग्रेस नेता राहुल गान्धी सुरत अदालतले गत महिना गरेको फैसलाविरुद्ध गुजरात उच्च अदालत पुग्नुभएको छ । उक्त अदालतले मानहानी मुद्दामा उहाँलाई दोषी ठहर गर्दै तल्लो अदालतले गरेको दुई वर्षको जेल सजायको फैसलालाई सदर गरेको थियो ।

सुरत अदालतले नेता गान्धीको पुनरावेदन अस्वीकार गरेपछि उच्च अदालतमा न्यायको याचना गर्न निवेदन दर्ता गरिएको छ । नेता गान्धीका वकिल पङ्कज चम्पानेरीले उच्च अदालतमा निवेदन दर्ता गरिएको जानकारी दिँदै त्यससम्बन्धमा थप विवरण प्रदान गर्न अस्वीकार गरेका छन् ।

सन् २०१९ मा कर्नाटक राज्यमा भएको चुनावी सभामा नेता गान्धीले मोदी थरलाई लिएर गर्नुभएको टिप्पणीले आफूहरूको अपमान भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा) का सांसद पूर्णेश मोदीले गान्धीविरुद्ध मानहानी मुद्दा दायर गर्नुभएको थियो ।

नेता गान्धीले राजनीतिक कार्यक्रममा भाषण गर्दा मोदी थरबारे आफूले गरेको टिप्पणी अपमानजनक नभएको र त्यसलाई असान्दर्भिकरूपमा उचालेर मुद्दा दायर गरिएको तर्क गर्दै आउनुभएको छ । मानहानी मुद्दामा सुरत अदालतबाट दोषी ठहर भएपछि उहाँको लोकसभा सदस्य पद खारेज भएको छ । उच्च अदालतले पनि तल्लो न्यायलयको फैसलालाई सदर गरेमा गान्धी आगामी आठ वर्षसम्म संसद् सदस्यको उम्मेदवार बन्नबाट वञ्चित हुनुहुनेछ ।

# तिलाठी र रुपनी बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

हनुमाननगर कंकालिनी नगरपालिकाद्वारा सञ्चालित मेयर कप टी ट्वान्टी क्रिकेट प्रतियोगितामा तिलाठी कोइलाडी गाउँपालिकाले विजयी शुरुवात गरेको छ ।

बुधबार सम्पन्न दुई खेलमा तिलाठी कोइलाडीले कञ्चनरुप नगरपालिकाको टिमलाई ९१ रनले र रुपनी गाउँपालिकाको टिमले हनुमाननगर कंकालिनी नगरपालिकाको ब्लु टिमलाई ४ विकेटले पराजित गरेको हो ।

पहिलो खेलमा टस जितेर ब्याटिङ्ग गरेको तिलाठी कोइलाडीको टिमले निर्धारित २० ओभरमा ४ विकेटको क्षतिमा १ सय ७९ रन बनाएको थियो । जसमा अमित मण्डल र साकेत सिंहले विष्फोटक बल्लेबाजी गर्दै अर्धशतक प्रहार गरेका थिए । अमितले ६४ र साकेत सिंहले ५० रन बनाए ।

कञ्चनरुपका लागि असलम शेख, मुकेश सिंह, मुकेश रौनियार र उमेश चौधरीले समान १/१ विकेट लिएका थिए ।

जितको लागि १ सय ८० रन पछ्याउने क्रममा तिलाठी कोइलाडीका कप्तान दिपेश सरदारको घातक बलिङ्ग सामु निरीह सावित हुँदै कञ्चनरुपको टिम १५ ओभर ४ बलमा ८८ रनमा अलआउट भयो । उक्त खेलमा तिलाठी कोइलाडीका दिपेश सरदारलाई म्यान अफ द म्याचको ट्रफी हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले प्रदान गरे । यसैगरी ६ विकेट लिए वापत वडा नं. ४ का वडा अध्यक्ष मौली कुमार मण्डलले बल प्रदान गरे ।

यसैगरी दोस्रो खेलमा रुपनी गाउँपालिकाको टिमले हनुमाननगर कंकालिनी नगरपालिकाको ब्लु टिमलाई ४ विकेटले पराजित गरेको छ । टस जितेर ब्याटिङ्ग गरेको ब्लु टिमले निर्धारित २० ओभरमा ८ विकेट गुमाई १ सय १३ रन जोडेको थियो । ब्लु टिमका कप्तान दिपक भुजेलले अविजित ५५ रन बनाए ।

रुपनी गाउँपालिकाको टिमका लागि विकास दास र इमरान शेखले २/२ विकेट लिए भने राशिद खान, सुनिल धमला र अशोक मेहताले १/१ विकेट लिए ।

जितको लागि १ सय १४ रनको लक्ष्य रुपनी टिमले १६ ओभर ३ बलमा ६ विकेट गुमाई हासिल गऱ्यो । रुपनीका लागि विकास दासले सर्वाधिक ४२ रन बनाए भने राशिद खाले विष्फोटक बल्लेबाजी गर्दै ३३ रन बनाए ।

हनुमाननगर कंकालिनी ब्लु टिमका लागि त्रिभुवन मण्डल र सुजित मण्डलले २/२ तथा रविन यादवले १ विकेट लिए । उक्त खेलमा रुपनीका विकास दासलाई म्यान अफ द म्याच प्रदान गरियो ।

# बीमा कम्पनीको चुक्ता पुँजी पुऱ्याउने समय असार मसान्तसम्म

काठमाडौँ, १३ वैशाख (रासस) ।

बीमा कम्पनीलाई न्यूनतम चुक्ता पुँजी कायम गर्न दिइएको समयसीमा तीन महिना थप भएको छ । नेपाल बीमा प्राधिकरणले ‘बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालनसम्बन्धी निर्देशिका, २०७३’ लाई संशोधन गरेर नयाँ निर्देशिका जारी गर्दै चुक्ता पुँजी कायम गर्ने सीमा असार मसान्तसम्म पुऱ्याएको हो ।

यसअघि चैत मसान्तसम्मका लागि तोकिएको उक्त समयसीमालाई प्राधिकरणबाट यही वैशाख ३ गते स्वीकृत भएको ‘बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालनसम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८०’ ले असार मसान्तसम्म बढाएको हो ।

“विसं २०७९ चैत मसान्तसम्म चुक्ता पुँजी कायम गर्न नसक्ने बीमकले मनासिव कारणसहित निवेदन दिएमा प्राधिकरणले यस निर्देशिका बमोजिमको चुक्ता पुँजी २०८० असार मसान्तभित्र कायम गर्ने गरी म्याद थप गर्न सक्नेछ”, संशोधित निर्देशिकामा भनिएको छ । प्राधिकरणले जीवन बीमा कम्पनीका लागि रू पाँच अर्ब र निर्जीवन बीमा कम्पनीका लागि रू दुई अर्ब ५० करोड चुक्ता पुँजी कायम गरेको छ ।

हाल सञ्चालनमा रहेका १७ जीवन बीमा कम्पनीमध्ये एउटा र १६ निर्जीवन बीमा कम्पनीमध्ये तीनले मात्रै चुक्ता पुँजी पुऱ्याएको प्राधिकरणले जनाएको छ । यसरी तोकिएको समयमा अधिकांश बीमा कम्पनीको चुक्ता पुँजी नपुगेपछि निर्देशिका संशोधन गरेर तीन महिना समय थप गरिएको हो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**औषधिको सही सेवन गरौं**
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिको सेवन नगरौं।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्दछ।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानैसमेत जान सक्दछ।
- एन्टिबायोटिक लगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं।
- औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुनः बल्झिन सक्दछ।

त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्शअनुसार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*